प्रदेश सभा, प्रदेश नं. २

**चौथो अधिवेशन**

**बैठक संख्या - ३६**

**सूचनापत्र**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ साल कार्तिक २ गते आईतवार**

---

मा० सभामुखज्यूले २ : ४० बजेको समयमा प्रदेश सभाको बैठक प्रारम्भ भएको घोषणा गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूको अनुमतिले सर्वप्रथम " माहिला, बालबालिका तथा सामाजिक न्याय समितिको सभामपति मा० जयनूल राईनले बालबालिकाको हक अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ " सम्बन्धमा समितिको प्रतिवेदन पेश गर्नु भयो ।

त्यसपश्चात माननीय सभामखुज्यूको अनुमतिले माननीय सामाजिक विकास मन्त्री श्री नवल किशोर साहले पेश गर्नु भएको " जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदन सहित सभामा छलफल प्रारम्भ गर्नु भयो गरियोस् " भन्ने प्रस्ताव सभामा छलफल प्रारम्भ भएको घोषणा गर्न भयो । उक्त छलफलमा देहायबमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भानाई राख्नु भयो ।

मा० परमेश्वर साह

मा० राम सारोज यादव

मा० श्री शिवचन्द्र चौधरी

मा० सुरिता कुमारी साह

मा० डा० रीना यादव

मा० राम अशिष यादव

मा० विन्देश्वर प्रसाद यादव

मा० जगत प्रसाद यादव

त्यसपश्चात माननीय सभामुखज्यूले ३ : ३५ बजेको समयमा १५ मिनेट पछि पुन : सञ्चालन हुने गरि सभा स्थगित गर्नु भयो ।

त्यसपछि ४ : १५ बजेको समयमा सभामुखज्यूले आजको बैठक पुन : प्रारम्भ भएको घोषण गर्नु हुँदै माननीय सभामुखज्यूको अनुमतिले माननीय मन्त्री श्री नवल किशोर साहले छलफलमा उठेका प्रश्नहरुको जबाफ दिनु भयो ।

त्यसपश्चात माननीय सभामुखज्यूले " जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा समितिको प्रतिवेदनमा उल्लेखित संशोधनहरु " सर्वसहमतले विधेयकको अंग बनेको घोषण गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूले " जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा माननीय मन्त्री श्री नवल किशोर साहले जवाफ दिने क्रममा स्वीकार गरेका संशोधनहरु सर्वसहमतले विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपश्चात माननीय सभामुखज्यूले " जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को २ देखि ४५ सम्मका दफाहरु सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूले " जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयको नाम र प्रस्तावना पढेर सुनाउनु हुँदै विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपश्चात मा० सभामुखज्यूको अनुमतिले माननीय सामाजिक विकास मन्त्री श्री नवल किशोर साहले " जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूको अनुमतिले पेश गर्नु भएको " प्रदेश उधोग व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक " माथि समितिको प्रतिवेदन सहित सभामा छलफल प्ररम्भ गर्नु भयो । उक्त छलफलमा देहायका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

मा० शिवचन्द्र चौधरी

मा० श्री राम अशिष यादव

मा० श्र चमेली देवी दास

मा० श्री करिमा वेगम

मा० श्री डा० रीना यादव

त्यसपश्चात माननीय सभामुखज्यूले " प्रदेश उधोग व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक " सम्बन्धमा समितिको प्रतिवेदनमा उल्लेखित संशोधनहरु सर्वसहमतले विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूले “ प्रदेश उधोग व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ” सम्बन्धमा माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री राम नरेश रायले  जवाफ दिने क्रममा स्वीकार गरेका संशोधनहरु सर्वसहमतले विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपश्चात माननीय सभामुखज्यूले “ प्रदेश उधोग व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ” मो २ देखि ४९ सम्मका दफाहरु र सो सँग सम्बन्धित अनुसूचीहरु सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूले विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले “ प्रदेश उधोग व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ” को अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपश्चात माननीय सभामुखज्यूको अनुमतिले माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री राम नरेश रायले प्रस्तुत गर्नुभएको “ प्रदेश उधोग व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ” सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

तदन्तर ५ : १५ बजेको समयमा माननीय सभामुखज्यूले आजको यो बैठक २०७७ साल कार्तिक ३ गते सोमबार विहनाको ११ : ०० बजे सम्मको लागि स्थगित गर्नु भयो ।